मिति: २०८३/०३/१९ (शुक्रबार)

बैठक संख्या: ७७ औं

स्थान: बेसीशहर नगरपालिकाको सभाहल

समय : विहानः ८.०० बजे।

बेसीशहर नगरपालिका, नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ७७ औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति:

| क्र सं | पद | | नामथर | दस्तखत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | गुमानसिंह अर्याल | |
| २ | उपाध्यक्ष | नगर उपप्रमुख | पद्मा गुरुङ | |
| ३ | सचिव | प्रमुख प्रशासकीय अधिकृत | सुमन अधिकारी | |
| ४ | सदस्य | वडाध्यक्ष (वडा नं.१) | दुर्गा बहादुर बुढाथोकी | |
| ५ | सदस्य | वडाध्यक्ष (वडा नं.२) | मदन बहादुर राना | |
| ६ | सदस्य | वडाध्यक्ष (वडा नं.३) | चित्र बहादुर दनाई | |
| ७ | सदस्य | वडाध्यक्ष (वडा नं.४) | गम बहादुर गुरुङ | |
| ८ | सदस्य | वडाध्यक्ष (वडा नं.५) | इन्द्र बहादुर गुरुङ | |
| ९ | सदस्य | वडाध्यक्ष (वडा नं.६) | प्रकाश थापा | |
| १० | सदस्य | वडाध्यक्ष (वडा नं.७) | ऋषिराम बस्नेत | |
| ११ | सदस्य | वडाध्यक्ष (वडा नं.८) | पवित्रा थापा राना | |
| १२ | सदस्य | वडाध्यक्ष (वडा नं.९) | खुशीजङ गुरुङ | |
| १३ | सदस्य | वडाध्यक्ष (वडा नं.१०) | गंगा बहादुर थापा | |
| १४ | सदस्य | वडाध्यक्ष (वडा नं.११) | शिव प्रसाद जोशी | |
| १५ | सदस्य | कार्यपालिका सदस्य | हिरालाल विश्वकर्मा | |
| १६ | सदस्य | कार्यपालिका सदस्य | श्रीनाथ दुलाल | |
| १७ | सदस्य | कार्यपालिका सदस्य | कल्पना थापा बोहरा | |
| १८ | सदस्य | कार्यपालिका सदस्य | विमला न्यौपाने अधिकारी | |
| १९ | सदस्य | कार्यपालिका सदस्य | सुकमाया गुरुङ | |
| २० | सदस्य | कार्यपालिका सदस्य | सुकमाया घर्ती | |
| २१ | सदस्य | कार्यपालिका सदस्य | मनिता परियार | |

### सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| १ | कार्यक्रम अधिकृत | मेघेन्द्र पोखरेल | |
| २ | प्रशासकीय अधिकृत | दिपेश अधिकारी | |

गुमान सिंह अर्याल

नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

बेसीशहर नगर कार्यपालिकाको कार्यालय
लमजुङ, गण्डकी प्रदेश, नेपाल

नगर कार्यपालिकाको मिति २०८३/०३/१९ गतेको बैठकका प्रस्तावहरु:

१. अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको समिक्षा सम्बन्धमा।
२. आर्थिक वर्ष २०८३/८४ को बजेटलाई अन्तिम रुप दिने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।
४. बेरुजु फछ्यौंट सम्बन्धमा।
५. अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।
६. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।
७. कानून निर्माण सम्बन्धमा ।
८. १९ औं नगरसभा अधिवेशनमा पेश गर्ने निर्णयहरुको सम्बन्धमा ।
९. नदिजन्य पदार्थको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।
१०. रुग्ण ठेक्काहरुहरुको फरफारक सम्बन्धमा ।
११. विविध
   - रकमान्तर सम्बन्धमा ।
   - प्रोत्साहन पारिश्रमिक/भत्ता सम्बन्धमा
   - गुनासो व्यवस्थापन सम्बन्धमा ।
   - विपद् व्यंवस्थापन सम्बन्धमा ।
   - जग्गा प्राप्ति सम्बन्धमा ।
   - समिति गठन सम्बन्धमा ।
   - प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
   - आवश्यक पहल गर्ने सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं.१ : अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा सम्बन्धमा।**

मिति २०८३/०३/०७ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्थाका बारेमा यस बैठकमा समिक्षा गरियो।

**निर्णय नं २ : आर्थिक वर्ष २०८३/८४ को बजेटलाई अन्तिम रुप दिने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको नगरसभामा मिति २०८३/०३/१० मा पेश भएको आर्थिक वर्ष २०८३/८४ को बजेटका सम्बन्धमा उठेका राय सल्लाह सुझावहरुलाई समावेश गरी अन्तिम रुप दिई नगरसभाको १९औं अधिवेशनको दोश्रो बैठक समक्ष स्वीकृतिको लागि निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

**निर्णय नं ३ : आर्थिक वर्ष २०८१/८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।**

महालेखापरीक्षकको कार्यालयबाट प्राप्त बेसीशहर नगरपालिकाको गत आ.व. २०८१/८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको सम्बन्धमा यस बैठकमा छलफल भयो साथै उक्त प्रतिवेदन नगरसभाको १९औं अधिवेशनको दोश्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ : बेरुजु फछ्यौंट सम्बन्धमा।**

महालेखापरीक्षकको कार्यालयबाट प्राप्त बेसीशहर नगरपालिकाको आ.व. २०८१/८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका आ.व. २०८१/८२ को नियमित गर्नुपर्ने बाँकी बेरुजुको सम्बन्धमा लेखा समितिको बैठकबाट निर्णय भई यस नगरपालिका बैठक समक्ष पेश भएको अनुसूची-१ बमोजिमको नियमित गर्नुपर्ने बेरुजु रु. ७५,०७,४६६/- (पचहत्तर लाख सात हजार चार सय छैंसठ्ठी मात्र) का सम्बन्धमा दफावार छलफल भयो । सो सम्बन्धमा सरकारी हानी नोक्सानी, हिनामिना नभएको तर स-साना प्रक्रियागत त्रुटी देखिएको हुँदा उक्त बेरुजु फछ्यौंट गर्न नगरसभा समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ : अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।**

नगर उप्रमुख श्री पद्मा गुरुङबाट बेसीशहर नगरपालिकाद्वारा चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिएका आयोजना तथा कार्यक्रमहरुमध्ये मिति २०८३/०१/२४ पछि अनुगमन गरिएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन यस कार्यपालिका बैठकमा पेश भई उक्त प्रतिवेदनमाथि छलफल भयो साथै सो अनुगमन प्रतिवेदन अनुमोदन गरी प्रतिवेदनमा संलग्न आयोजना /कार्यक्रमहरु फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा।**

बेसीशहर नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन यस बैंठकमा प्रस्तुत हुनुको साथै उक्त प्रतिवेदन अनुमोदन गरी नगरसभाको १९औं अधिवेशनको दोश्रो बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ : कानून निर्माण सम्बन्धमा ।**

विधायन समितिबाट पेश भएका देहायका कानूनहरु स्वीकृतिका लागि नगरसभाको १९औं अधिवेशन समक्ष पेश गर्ने निर्णय गरियो ।

देहायः

(क) बेसीशहर नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०८३

(ख) बेसीशहर नगरपालिकाको केही कानूनलाई खारेज गर्ने विधेयक, २०८३

(ग) बेसीशहर नगरपालिकाको बजार व्यवस्थापन सम्बन्धी प्रचलित कानूनलाई संसोधन र एकिकरण गर्न वनेको विधयेक, २०८३

(घ) बेसीशहर नगरपालिकाको विज्ञापन (व्यवस्थापन तथा नियमन) ऐन, २०८३

**निर्णय नं ८ : नगरसभा अधिवेशनमा पेश गर्ने निर्णयहरुको सम्बन्धमा ।**

नगरसभाको १९औं अधिवेशन समक्ष निर्णयार्थ पेश गर्ने निर्णयहरुको सम्बन्धमा समसामयिक विषयहरु समेत समावेश गरी प्रस्तावित निर्णयहरुको मस्यौदा तयार गर्ने जिम्मेवारी नगरप्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

निर्णय नं ९ : नदिजन्य पदार्थको ठेक्का बन्दोबस्ती सम्बन्धमा ।

प्राकृतिक श्रोत उपयोग कर सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (प) को बुँदा नं ७ तथा ६४ को उपदफा (च) ले दिएको अधिकार अन्तर्गत नगरपालिका क्षेत्रभित्र बग्ने नदीखोलाबाट निस्कने ढुंगा, गिटी, बालुवा, ग्राभेल आदिको आर्थिक वर्ष २०८३/८४ मा बिक्री कर संकलनका लागि नेपाल सरकारबाट जारी भएको ढुंगा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ (संशोधन सहित), कार्यपालिका बैठकबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन एवम् मिति २०८३/०३/०४ गतेको राजश्व परामर्श समितिको बैठकको निर्णय समेतका आधारमा देहाय वमोजिमको घाट (स्थान) मा देहाय वमोजिमको परिमाण संकलनको लागि प्रदेश सरकारबाट तोकिएको दररेट अनुसार देहाय वमोजिमको न्युनतम रकम अंक तोकी बोलपत्र सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

देहाय:

| क्र. सं. | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं | लम्बाई मिटर | चौडाई मिटर | उचाई मिटर | परिमाण (घ. मि.) | हुन आउने रकम रु. | न्युनतम ठेक्का अंक |
|---|---|---|---|---|---|---|---|---|
| १ | बेलौती विसौना खण्ड (क) (डिलबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | ८० | २० | १ | १६०० | ४५१९६८ | ४५५००० |
| २ | बेलौती विसौना खण्ड (ख) (ओमबहादुर रिमालको जग्गा अगाडिको खण्ड ) | ६ | ४५ | २० | १ | ९०० | २५४२३२ | २५५००० |
| ३ | बेलौती विसौना खण्ड (ग) (चन्द्रबहादुर रिमालको जग्गा अगाडिको खण्ड) | ६ | ४० | २० | १ | ८०० | २२५९८४ | २३०००० |
| ४ | बेलौती विसौना खण्ड (घ) (गोविन्द बस्नेतको जग्गा अगाडिको खण्ड ) | ६ | ९० | २० | १ | १८०० | ५०८४६४ | ५१०००० |
| ५ | बेलौती विसौना खण्ड (ङ) (टिकाराम राउतको जग्गा अगाडिको खण्ड) | ६ | ७० | २० | १ | १४०० | ३९५४७२ | ४००००० |
| ६ | लेतेफाँट खण्ड (तालखोला दोभानदेखि मर्स्याङ्दी गाँउपालिकाको सिमानासम्म) | १० | ५० | ८ | १ | ४०० | ११२९९२ | ११५००० |
| ७ | खासुर अक्कर खण्ड क (बेलौती बिसौना पारिपट्टी झोपु तलको भाग) | १० | १५० | १५ | १ | २२५० | ६३५५८० | ६५०००० |
| ८ | खासुर अक्कर खण्ड ख (खासुर खासुर अक्कर खण्ड क देखि तल घुम्ती माथी भाग) | १० | १४० | २० | १ | २८०० | ७९०९४४ | ८००००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

| क्र. सं. | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं | लम्बाई मिटर | चौडाई मिटर | उचाई मिटर | परिमाण (घ. मि.) | हुन आउने रकम रु. | न्युनतम ठेक्का अंक |
|---|---|---|---|---|---|---|---|---|
| ९ | भोटेफाँट खण्ड (भोटेफाँट झोपुदेखि तल अक्करदेखि माथिको भाग) | १० | ९० | १० | १ | ९०० | २५४२३२ | २५५००० |
| १० | पुवाखोला दोभान खण्ड (पुवाखोला दोभान क्षेत्र) | ६ र ७ | ७० | १० | १ | ७०० | १९७७३६ | २००००० |
| ११ | रानीकुवा टापु मुनिको खण्ड (रानीकुवा मरन घाटको माथिल्लो र तल्लो खण्ड) | ३ | २०० | १५ | १ | ३००० | ८४७४४० | ८५०००० |
| १२ | आँपचौर खण्ड (आँपचौर मुनिको भाग ) | १० | १०० | १० | १ | १००० | २८२४८० | २८५००० |
| १३ | बोहोराबेसी मुनिको खण्ड (बोहोराबेसी बगरमुनीको भाग) | २ | ५० | १० | १ | ५०० | १४१२४० | १४५००० |
| १४ | भकुण्डे थुम्कामुनीको खण्ड (भकुण्डे थुम्कामुनी बगरघाट) | २ | ५० | १० | १ | ५०० | १४१२४० | १४५००० |
| १५ | गैरी वगर घाट (सुन्दरबजार न.पा. को सीमाना साधैंखोलाको माथिल्लो भाग) | १ | ९० | १० | १ | ९०० | २५४२३२ | २५५००० |
| १६ | दोर्दी खोला क्षेत्र (दोर्दी र मर्स्याङदी नदी दोभान) | ११ | १०० | १५ | २ | ३००० | ८४७४४० | ८५०००० |
| १७ | नाल्मा मिदिम खोला क्षेत्र(मिदिमखोला वारिपटीको भाग) | ५ | ४० | १० | ०.८ | ३२० | ९०३९४ | १००००० |
| १८ | बरबोट मुनिको खण्ड (क्रसर उद्योग पारिपट्टि बरबोट मुनिको भाग) | ११ | ८० | २० | ३ | ४८०० | १३५५९०४ | १३६०००० |
| १९ | थारचौर खण्ड (थारचौर धुपीचौर झोपु तल घुम्तिको खण्ड) | १० | १३० | २५ | २ | ६५०० | १८३६१२० | १८४०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

| क्र. सं. | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं | लम्बाई मिटर | चौडाई मिटर | उचाई मिटर | परिमाण (घ. मि.) | हुन आउने रकम रु. | न्युनतम ठेक्का अंक |
|---|---|---|---|---|---|---|---|---|
| २० | गैरी क्याम्पस मुनि खण्ड (क) (गैरी क्याम्पस मुनिको वारी घुम्ति र पारी चिती बरबोट खोला मुनि) | २ र ११ | १२० | ४० | ३ | १४४०० | ४०६७७१२ | ४०७०००० |
| २१ | गैरी क्याम्पस मुनि खण्ड (ख) (गैरी चेपाडटार झोपुलबाट माथि खण्ड क देखि तलको भाग) | २ र ११ | १२० | ४० | ३ | १४४०० | ४०६७७१२ | ४०७०००० |
| २२ | गाइखुरे छहरा खण्ड (क) (गैरी चेपाडटार झोपुदेखि तल राक्से खोलासम्म) | २ र ११ | १०० | ५० | ३ | १५००० | ४२३७२०० | ४२४०००० |
| २३ | गाइखुरे छहरा खण्ड (ख) (राक्से खोला खण्ड क को सिमानादेखि तल प्रतिक्षालय मुनीसम्म) | १ र ११ | १०० | ५० | ३ | १५००० | ४२३७२०० | ४२४०००० |
| २४ | गाइखुरे छहरा खण्ड (ग) (प्रतिक्षालय मुनी खण्ड ख को सिमानादेखि तल गाइखुरे झरना अगाडी) | १ र ११ | १०० | ४० | ३ | १२००० | ३३८९७६० | ३३९०००० |
| २५ | क्रसर उद्योग मुनिको खण्ड क (आकासे भिर प्रतिक्षालय मुनिदेखि ११० मि तलको भाग) | १ | ११० | ५० | ३ | १६५०० | ४६६०९२० | ४६६५००० |
| २६ | क्रसर उद्योग मुनिको खण्ड ख (खण्ड क को सिमानादेखि तल आकासे भोटे खोल्सिसम्म) | १ | ११० | ४० | ३ | १३२०० | ३७२८७३६ | ३७३०००० |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

| क्र. सं. | उत्खनन् गरिने घाटको नाम तथा क्षेत्र | वडा नं | लम्बाई मिटर | चौडाई मिटर | उचाई मिटर | परिमाण (घ. मि.) | हुन आउने रकम रु. | न्युनतम ठेक्का अंक |
|---|---|---|---|---|---|---|---|---|
| २७ | रिह्रेबगर घाट (चिती मोटरेवल पुल घुम्ती तल देउथान खोलासम्म) | १ | १३० | ३० | ३ | ११७०० | ३३०५०१६ | ३३१०००० |
| २८ | आर्मी ब्यारेक पुछार खण्ड (आर्मि ब्यारेक तल शिवालय मन्दिर मुनिको भाग) | १ | ६० | १५ | १ | ९०० | २५४२३२ | २५५००० |
| २९ | बान्द्रे फाँट मुनिको खण्ड (चिती मोटरेवल पुलदेखिमाथि बान्द्रे फाँट मुनिको भाग) | ११ | १३६ | २५ | १.५० | ५१०० | १४४०६४८ | १४४५००० |
| ३० | दोर्दी खोला क्षेत्र (ढुंगा समेत)(चिती खण्ड दोर्दी खोला वारीपट्टिको भाग सबै) | ११ | ४०० | १० | ०.८ | ३२०० | ९०३९३६ | ९१०००० |
| ३१ | साप्ले भीर खण्ड (क) (साप्ले भीर खण्ड) | ९ | १५० | ३० | १.९५ | ८७७५ | २४७८७६२ | २४८०००० |
| ३२ | साप्ले भीर खण्ड (ख) | ९ | १५० | १५ | १ | २२५० | ६३५५५८० | ६४०००० |
| ३३ | मुक्तिमिलन प्रा.वि. सडक माथि पट्टी | ९ | १५० | १५ | १ | २२५० | ६३५५८० | ६४०००० |
| ३४ | धाढाको पाखा खेल मैदान | १ | | | | ७०१९ | १९८२७८८ | १९८५००० |
| ३५ | सातबिसे खण्ड (सातविसे तल मरनघाट तल्लो खण्ड) | ७ | १०० | १० | १ | १००० | २८२४८० | २८५००० |
| ३६ | ओख्लेफाँट मुनीको खण्ड (बाँझाखेत मोटरेवल पुल वारी, मरनघाट माथिको भाग) | ८ | ३० | १० | १ | ३०० | ८४७४४ | ८५००० |
| ३७ | ल्याण्डफिल्ड खण्ड (ल्याण्डफिल्ड मुनि घुम्तिसम्म) | ८ | ५० | १० | १ | ५०० | १४१२४० | १४५००० |

क.सं. ३५, ३६ र ३७ को हकमा सहज पहुँच मार्ग नभएको र स्थानीयको असहमति रहेको ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

निर्णय नं १० : रुग्ण ठेक्काहरुहरुको फरफारक सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको पुराना आर्थिक वर्षमा वडा नं. ४ बर्थिङ सेन्टर निर्माण तथा बेसीशहर नगरपालिका क्षेत्रभित्रको पक्की सडक मर्मतका लागि लगाईएका ३ वटा ठेक्काहरु रुग्ण रहेको सन्दर्भमा उक्त ठेक्काहरुका सन्दर्भमा देहायबमोजिम गर्ने निर्णय गरियो ।

देहाय:

क. यस नगरपालिकाको आ.व. २०७८/७९ को ठेक्का नं. Besishahar/Lamjung/Works/04/078-79, Construction of Ward Level Birthing Center Ward 4 का सम्बन्धमा सिद्धिबिनायक निर्माण सेवा प्रा.लि.सँग कार्यालयले २०७८/१२/०१ बाट २०७९/१२/३० मा कार्यसम्पन्न गर्ने गरी रु.३८,२२,५८६.३७ मा सम्झौता भइ कार्य शुरुवात भएकोमा सो आ.ब.मा रु.२७,१६,३४२.४८ को कार्य भएको र बाँकी कार्यसम्पन्न हुन नसकेको, निजको रु.२,४८,०००/- को पेश्की समेत बाँकी रहेको, म्याद समेत थप नभएको अवस्था रहेकोमा हाल कार्यालयले निर्माण व्यवसायीलाई पटक पटक ताकेता गरी बैंक ग्यारेण्टीहरुको म्याद थप गर्न लगाइ कार्यसम्पन्न गराएको अवस्था देखिएकोले उक्त ठेक्कामा प्रचलित सार्वजनिक खरिद कानूनबमोजिम उच्चतम पुर्व निर्धारित क्षतिपूर्ति (सम्झौता रकमको १० प्रतिशत) र पेश्की रकमको १० प्रतिशतका दरले व्याज समेत लगाई फरफारक गर्ने ।

ख. यस नगरपालिकाको आ.व. २०७९/८० को ठेक्का नं. Besishahar/Lamjung/Works/04/079-80, Black Topped Road Maintainance Works (Besishahar municipality ward 7, 8 & 9) का सम्बन्धमा अंशु ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्शन प्रा.लि.सँग कार्यालयले २०७९/०९/२२ बाट २०८०/०३/२० मा कार्यसम्पन्न गर्ने गरी रु.५२,५३,५५५.३१ मा सम्झौता भइ कार्य शुरुवात भएकोमा सो आ.ब.मा रु.३२,९६,७२०.७६ को कार्यको भुक्तानी भएको र बाँकी कार्यसम्पन्न हुन नसकेको, म्याद समेत थप नभएको अवस्था रहेकोमा हाल कार्यालयले निर्माण व्यवसायीलाई पटक पटक ताकेता गरी बैंक ग्यारेण्टीहरुको म्याद थप गर्न लगाइ कार्यसम्पन्न गराएको अवस्था देखिएकोले उक्त ठेक्कामा प्रचलित सार्वजनिक खरिद कानूनबमोजिम उच्चतम पुर्व निर्धारित क्षतिपूर्ति (सम्झौता रकमको १० प्रतिशत) लगाई फरफारक गर्ने र सोको लागि चालु आ.ब.को स्वीकृत कार्यक्रमअन्तर्गत कालोपत्रे सडक मर्मत शीर्षकबाट भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने ।

ग. यस नगरपालिकाको आ.ब.2081/82 को ठेक्का नं. Besishaharmun/Works/NCB/2081/82/05, Bazar Area black topped road Maintainance Work, Besishahar Na.Pa. 7 & 8 (Including drain clearance) का सम्बन्धमा कालिका निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.सँग कार्यालयले २०८१/११/२० बाट २०८२/०३/१० मा कार्यसम्पन्न गर्ने गरी रु.४७,१४,१९२.८३ मा सम्झौता भइ कार्य शुरुवात भएकोमा सो आ.ब.मा रु.३८,००,७७०.६४ को कार्य भएको र बाँकी कार्य विविध कारणबस सम्पन्न हुन नसकेको, म्याद समेत थप नभएको अवस्था रहेकोमा हाल कार्यालयले निर्माण व्यवसायीलाई पटक पटक ताकेता गरी बैंक ग्यारेण्टीहरुको म्याद थप गर्न लगाइ कार्यसम्पन्न गराएको अवस्था देखिएकोले उक्त ठेक्कामा प्रचलित सार्वजनिक खरिद कानूनबमोजिम उच्चतम पुर्व निर्धारित क्षतिपूर्ति (सम्झौता रकमको १० प्रतिशत) लगाई फरफारक गर्ने र सोको लागि चालु आ.ब.को स्वीकृत कार्यक्रमअन्तर्गत कालोपत्रे सडक मर्मत शीर्षकबाट भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८३/०३/१९ को बैठक

निर्णय नं ११ : रकमान्तर सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ को निर्णय भएका फुटकर आयोजना/कार्यक्रमहरुको भुक्तानी व्यवस्थापनको लागि खर्च शिर्षक नं ३१५११ अन्तर्गत भैपरी आउने पूँजीगत खर्च शिर्षकमा विनियोजित रु. १०,००,०००/- (दश लाख) मध्येबाट रु. ५,००,०००/- (पाँच लाख) खर्च शिर्षक नं ३११५९ को अन्य सार्वजनिक निर्माण अन्तर्गत फुटकर आयोजना तथा कार्यक्रममा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं १२ : प्रोत्साहन पारिश्रमिक/भत्ता सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्य तथा आयोजना/कार्यक्रम फरफारकको सिलसिलामा कार्यालय समय बाहिर खटिएका कर्मचारीहरुलाई साँझ विहान तथा सार्वजनिक विदाको दिनमा समेत कार्य गरेवापको थप प्रोत्साहन पारश्रमिक/भत्ता उपलब्ध गराउने कार्यको लागि नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं १३ : गुनासो व्यवस्थापन सम्बन्धमा ।

बेसीशहर नगरपालिकाको गुनासो व्यवस्थापन प्रणालीमा दर्ता हुन आएको सामुदायिक विद्यालयहरुमा कक्षा ११ र १२ को कक्षा सञ्चालन (पठनपाठन) समय सम्बन्धी गुनासोको सम्बन्धमा बेसीशहर नगरपालिकाको निर्णय वमोजिम सबै सामुदायिक विद्यालयहरुले दिवासत्रमा नै कक्षा ११ र १२ को पठनपाठन कार्य सञ्चालन गरेको तर संस्थागत विद्यालयहरुले उक्त कक्षाहरु नगरपालिकाको निर्णयलाई वेवास्ता गरी विहानी सत्रमा सञ्चालन गरेको हुँदा एकरुपता कायम हुन नसकेको एवम् यस कार्यले सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरु घट्न गएको हुँदा या त सामुदायिक विद्यालयहरुले पनि विहानी कक्षा सञ्चालन गर्न पाउनु पर्यो अन्यथा निजी विद्यालयहरुलाई पनि अनिवार्यरुपमा दिवा सत्रमा नै कक्षा ११ र १२ को पठनपाठन कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्यो भन्ने व्यहोराको गुनासोकर्ताहरुको गुनासोको सम्बन्धमा सरोकारवालाहरुसंग छलफल गराई समाधान गर्ने निर्णय गरियो ।

निर्णय नं १४ : विपद् व्यवस्थापन सम्बन्धमा ।

(क) मिति २०८३/०३/०५ को वर्षाले बेसीशहर नगरपालिका वडा नं १० स्थित १० नं वडा कार्यालयको पछाडिको पर्खाल भत्किन गई वडा कार्यालय तथा छिमेकी श्री बेल बहादुर घिमिरेको स्वामित्वको कच्ची प्रकारको भान्छाकोठा र बाथरुममा क्षति पुगी काम नलाग्ने भएको सन्दर्भमा निजले मिति २०८२/०३/१२ मा प्रहरी मुचुल्का समेत संलग्न राखी क्षतिपूर्ति दिलाई पाउँ भनि निवेदन दिएकोमा नगरप्रमुखज्यू सहितको अनुगमन टोलीले स्थलगत अनुगमन गरी सो समेतका आधारमा वडा कार्यालय भवन र निजको पक्की घरमा थप क्षति हुन नदिनको लागि नगरपालिकाले लागत अनुमान वमोजिम मेसिनरी पर्खाल निर्माण गर्ने साथै भत्किएको संरचनाको क्षतिपूर्तिको लागि निज बेल बहादुर घिमिरेलाई क्षतिपूर्ति वापत विपद् व्यवस्थापन कोषबाट रु.२,००,०००/-(दुई लाख) उपलब्ध गराउने निर्णय गरियो ।

(ख) बेसीशहर नगरपालिका वडा नं ६ उपल्लो मकैडाँडा निवासी श्री चन्द्रकुमारी भण्डारीको निवेदन र सो निवेदन साथ प्राप्त सम्बन्धित वडा कार्यालयको सिफारिस समेतको आधारमा उक्त स्थानको गोरेटो बाटो भत्किन गई निज चन्द्र कुमारी भण्डारीको घर उच्च जोखिममा परेको हुँदा उक्त घर संरक्षणको लागि निजलाई रु.३०,०००/- (तीस हजार मात्र) विपद् व्यवस्थापन कोषवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १५ : जग्गा प्राप्ति सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं ७ को वडा कार्यालय भवन निर्माणको लागि उपयुक्त जग्गा प्राप्तिको लागि प्रकाशित सूचना वमोजिम बेसीशहर नगरपालिका वडा नं ७ निवासी श्री कुमार बस्नेतले पेश गरेको निवेदन वमोजिम निजको

गुमान सिंह अर्याल
नगर प्रमुख

पिताको नाउँमा सोही वडाको कित्ता नं २८९४ क्षेत्रफल १-५-३-१ को जग्गामध्ये ०-५-०-०-क्षेत्रफल सशुल्क उपलब्ध गराउन निवेदन दिएको र सो सम्बन्धमा नगरप्रमुखज्यूको नेतृत्वको टोलीबाट स्थलगत अनुगमन भएको र सम्बन्धित वडा कार्यालयबाट समेत उक्त जग्गा उपयुक्त भएको भनी सिफारिस प्राप्त भएको हुँदा उक्त जग्गा प्राप्ति सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

निर्णय नं १६ : समिति गठन सम्बन्धमा ।

बेसीशहर नगरपालिकामा सञ्चालित क्रसर उद्योगहरुले बिक्री गर्ने निर्माण सामाग्री (गिटी, बालुवा आदि) को प्रचलित मूल्य अन्यत्र स्थानको तुलनामा बढी भएको भन्ने जनगुनासो आएको हुँदा उक्त गुनासो सम्बोधनको लागि नेपाल सरकारको ढुंगा, गिटी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मामदण्ड, २०७७ को दफा ९ (१) वमोजिम गठित अनुगमन समितिलाई सोही मापदण्डको दफा १० वमोजिम बजारमूल्य निर्धारण तथा सो को अनुगमन सम्बन्धी अधिकार प्रदान गरेकोले जिल्लास्तरीय अनुगमन समिति र जिल्ला दररेट निर्धारण समितिसंग समन्वय गरी मूल्य स्थिरता कायम गर्नको लागि देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

(क) संयोजक-श्री चित्र बहादुर दनाई, वडाध्यक्ष बेनपा-३

(ख) सदस्य-श्री ऋषिराम बस्नेत, वडाध्यक्ष, बेनपा-७

(ग) सदस्य-श्री खुशीजङ गुरुङ, वडाध्यक्ष, बेनपा-९

(घ) सदस्य-श्री सुशिला श्रेष्ठ, राजश्व शाखा प्रमुख, बेनपाको कार्यालय

(ङ) सदस्य सचिव- श्री विशाल ढकाल पूर्वाधार शाखा प्रमुख, बेनपाको कार्यालय

निर्णय नं १७ : प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका वडा नं. ७ र ८ मा Street Adressing तथा House Numbering प्रणाली स्थापना कार्यको लागि परामर्शदाता Aron Engineering Pvt.Ltd द्वारा कार्यालयमा पेश भएको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं १८ : आवश्यक पहल गर्ने सम्बन्धमा ।

बेसीशहर नगरपालिका-८ सेरामा रहेको कारागारको भवन जीर्ण भई भत्किएको हुँदा हाल त्यहाँ रहेका कैदी बन्दीहरुलाई दमौली कारागारमा स्थानान्तरण गरिएको तथा कारागारको लागि नयाँ भवन बनाउनुपर्ने परिस्थितिमा हाल कारागार रहेको स्थान सघन बजार क्षेत्र (कोर एरिया) मा परेको हुँदा कारागार निर्माणको लागि त्यति उपयुक्त नदेखिएको अवस्था र बेसीशहर नगरपालिकाको आफ्नो प्रशासकीय भवन निर्माणको लागि विभिन्न प्रयासहरु गर्दा समेत हालसम्म बेसीशहर क्षेत्रमा उपयुक्त जग्गा प्राप्त हुन नसकिरहेको अवस्थाका सम्बन्धमा जिल्लाका सरोकारवालाहरु विच अनौपचारिक छलफल हुँदा हाल कारागार रहेको स्थानमा बेसीशहर नगरपालिकाको प्रशासकीय भवन बनाउन उपयुक्त हुने तथा नविनतम् अवधारणा अनुसार कारागार भवन निर्माणको लागि सघन बजार क्षेत्रभन्दा केही पर फराकिलो स्थान उपयुक्त हुने हुँदा कारागारको लागि आवश्यक पर्ने उपयुक्त जग्गाको प्रवन्ध नगरपालिकाले मिलाईदिने गरी हाल कारागार रहेको परिसरको जग्गा नगरपालिकालाई उपलब्ध गराउने प्रक्रियाको लागि कारागार कार्यालय लमजुङ र जिल्ला प्रशासन कार्यालय लमजुङ मार्फत नेपाल सरकार, गृह मन्त्रालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख